बोल्नु भएको कुरा राम्रो छैन त्यसकोलागि खेद ब्यक्त गरौ र  राष्ट्रिय राजनीतिमा अहिले हामीले गत बर्षको बैसाख देखिको हेर्दै आयका छौ हामी सबै समृदिको लागि बनेर यो प्रदेश सभामा आयका हौ तर साच्चिकै अन्तर आत्माले हृदयले जनताले पनि अनुगमन गरेको छ हामीले जुन किसिमबाट गरेका थियौ तर काम यकातिर कुम्लो बोकि ठिमितर यो भएको नै छ यो पुष्टी ईतिहासले नै गर्ला ठ्याक्कै भनेको जस्तो भएन तर अहिले राष्ट्रिय राजनीतिको हिसाबमा नेपाली कांग्रेस व्यवस्था संबिधान प्रतिको उहाहरुको लागि प्रश्न उठाउन राम्रो होला जस्तो लागेको छ उहाहरुले नेपाल कम्न्युष्ट पार्टि नेकपालाई ५ बर्ष सम्म सरकार चलाउ शासन गर भनेर मत दियको हो त्यो सकियन अनि राष्ट्रिय अशान्ति देशमा अलोकतान्त्रिक गति बिधि भै सकेपछि राष्ट्र प्रति व्यस्था उहाहरुको पनि म स्वागत गर्न चाहन्छू के केन्द्रको सवालमाके प्रदेशको सवालमा मधेश बादि दलहरुलाई हिजो मधैस बादिलाई सरकार दिनु पर्छ भन्दा घोर भनसना गर्ने आदरणिय नेताहरु अहिले मधेश बादि लको सहयोग लियर आफ्नो सत्ता टिकाउनको लागि पटक पटक अदालतालई खारेज गर्ने नागरिकता बिधेएक पनि  खारेज गर्ने मतलब आफैलाई सबै भन्दा सुखदे ठान्नु यो देशको दुर्भाग्य यो राष्ट्रको दुर्भाग्य यो व्यवस्थाको दुर्भाग्य रहेको छ त्यसैले अहिलेको आवश्यकता भनेको राजनीतक दल सबै पार्टि को एकता हो भन्ने कुरा राख्दै फेरि पनि आदरणीय सभामुख महोदय प्रदेश सरकारले राखेको यो कार्यक्रम रहेको छ यलाई स्वागत गर्दै गर्ने प्रतिवद्धता ब्यक्त गर्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय प्रेम प्रकाश भट्ट**

माननीय सभामुख महोदय, हामी यो बार्षिक नीति तथा कार्यक्रम आ.ब २०७८/०७९ को बारेमा छलफल गर्न गैरहेका छौ र हाम्रो सरकारले कुबै मेहेनतका साथ ल्याको छ सर्बप्रथम त म यसको स्वागत नै गर्न चाहन्छु र यसको समय हाम्रो वजेट जस्तो लाग्छ अब १ गते बजेट आउदै छ र छलफल हामी यो पछि गरिरहेका छौ यसको बारेमा हामीसँग   समयमै योजना आयोग भनेको थियो त्यो योजना आयोग ले पनि खासै कुनै काम गरेको जस्तो लाग्दैन यो बने पछि कुनै ठाउमा योजना छलफल बहस कहि गरेको त्यस्तो केहि पनि देखेको छैन र यो नीति कार्यक्रममा यो हनुसारको बजेट पनि बनेको होला र यसमा थुप्रै कार्यक्रम आयका छन र यि नाराहरु जो पनि रहेका छन त्यो अनुसारको भएको होला भन्ने लागेको छ अब यो बारेमा भन्दा पनि बजेटको बारेमा छलफल हामी ग्रने तिर जानु पर्छ भन्ने लाग्छ समय अभावको कारणले अब यो २-३ दिनमा छलफल गर्ने र अब बजेट आउने उसमा गैराखेको छ र यो समयावधि ढिलो भयो भन्ने लागेको च र हामीले प्रत्येक बर्ष नीति कार्यक्रम बनाउने गरेका छौ  र त्यो अनुसारको कार्यक्रमले त्यसको लक्ष्य सम्पन्न गर्यो कि गरेन भन्ने हेर्न तिर लाग्दैनौ र त्यो सम्पन्न गर्न लाग्न कार्यसंरचनाको परिसंचनाको हामीले बिकास गर्ने सक्यौ सकेनौ त्यो कुराहरु पनि हामीले छलफल गर्ने तिर गैराखेका छैनौ र यसमा अहिलेकेहि नया कार्यक्रम हरु आयका छन  केहि पुराना नै रहेका छन र यसमा बिकास सँग रोजगारि कार्यक्रम भन्ने हामीले युवा स्वरोजगार भनेर २ करोड रुपिया हाम्रो बैंककमा सदनमा छलफल भयो त्यो कुन राष्ट्रीय बैंकमा राख्ने नेपाल सरकारको बैंकमा राख्ने नेपाल सरकारको मातहतको बैंकमा राख्ने अथवा नीजि मा छलफल पनि

भयो र लाष्टमा हामीले नेपाल सरकारको स्वामित्व भएको बैंकमा राख्ने भन्ने खालको छलफल भएको थियो र त्यो बैंकमा नै रहेको छ अहिले सम्म त्यो स्वरोजगार कोष  त्यो कहि पनि लागु भएको छैन र त्यो सम्पन्न भएपछि हुने अवस्थामा पुगेको छ रअर्को रहेको थियो हाम्रो औद्यौगिक ग्राम र उद्योग स्थापना गर्ने भन्ने एकखालबाट पनि त्यो छलफल भएको थियो र त्यो नीति कार्यक्रममा थियो कहि कुनै कम्पनी सँग साझेदारिमा हामीले कार्यान्वयन पनि गर्यौं र एउटा सम्झौता भयो भन्ने कालको आयको थियो त्यो पनि हामीले अहिले सम्म देख्न सकेका छैनौ । त्यसपछि हामीले एउटा यातायात सार्बजनिक यातायात भण्ने पनि  गत बिगत बर्षमा हामी सुन्दै आयका थियौ यो सार्बजनिक यातायात पनि हाम्रो केन्द्र सरकारले ल्याको रेल र पानी जहाज भएको छ यो प्रदेशको त्यो पनि हांमीले अहिले सम्म देखेका छैनौ अब मन्त्री ज्यु पनि जानु भयो र त्यो कार्यक्रम पनि गयो होला त्यो हामीले यहा देख्न सकेका छैनौ र अब हामीले थुप्रै कार्यक्रमहरु जुन प्रदेश गौरवका योजना ल्याका थियौ त्यो योजनलाई हामीले ९ जिल्लामा सडक भनेका छौ तर यो बजेटममा हामीले अवस्था हेर्ने हो भने त्यो भन्दा अरुमा बजेट धेरै रहेको छ लगभग साठि करोडको त्यता थियो भने त्यो प्रदेश गौरवका भन्ने हरुमा कहिनेर जोर गरेर ३-४ करोड राखेर त्यो प्रदेशको गौरबको आयोजना बन्न सक्दैन बजेटको न्युनता रहेको छ त्यो भएको कारणले हामीले त्यो किसिमबाट वचाउन पर्छर मैले पनि भनेको थिय यहाको हाम्रो केमा हो प्रदेशले लगाउन पर्ने यहा सुरमायाको र अपर चमेलियाका ठुला हाईड्रोपावरका कुराहरुमा एउटा ठाउमा पनि हामीले काम कहिले देखि गर्ने सुरनया मा २ वटा छन भनेको छ त्यो पहिलो पटक अध्ययन गरेको छ सुरनयाको हामीले सुनेको पहिलो बर्ष अहिले तिन बर्ष भयो त्यो मा शुरु गरेको कहि पनि हामीले सुनेका छैनौ त्यो डिपिआरमा सकिने गरेको छ १५-२० करोड रुपिया त्यो किताब बनाउनमा नै सक्ने हो कि त्यो बनाउदा फाईदा छ कि त्यो कारणले गर्दा कैरि त्यो आयोजना बढेको भन्ने सुन्न पाएका छैनौ प्रदेश गौरवको योजनामा त्यता पनि हमीले ध्यान दिने कि प्रदेश गौरवका आयोजना भन्ने तर जहाबाट आयआर्जन हुने त्यो तिर जान भन्दा पनि यो डिपिआर मै सिध्याउने खालको यो भएको छ यतातिर पनि ध्यान जान पर्छ भन्ने लागेको छ र अहिले एउटा नया कार्यक्रम प्रदेश गाउ उज्यालो बनाउ भन्ने कार्यक्रम आयको छ र यसले फेरि लघुयोजनामा पनि लगानी गर्ने र राष्ट्रिय प्रसारणलाईन लाई पनि हाम्रो कतिपय ठाउमा राष्ट्रिय प्रसारण  लाईन पुग्न सकेको छैन त्यहा कतिपय गाउपालिकामा १-२ करोड बजेट भयो भने गाउलपालिकामा र कतिपय वडामा न पुगेका ठाउमा त्यो जो लायको छ नीति त्यो हुन पर्छ र त्यतिकै हुन हुदैन  नेपाल आवास सुधार कार्यक्रम पनि रहेको छ नेपाल सरकारको आवस भन्ने कार्यक्रम पनि रहेको थियो त्यो खालको नमुना बस्ति कार्यक्रम पनि रहेको छ तिको कार्यक्रमलाई हामी एउटा सकारात्मक रुपबाट लिन पर्छ र अर्को एउटा कुरा चेलि पर्वाह भन्ने एक स्थानीय तह एक सहकारी यो पनि राम्रो कार्यक्रम ल्याको च र त्यो पछि हाम्रो एउटा प्रदेशका निजामतिका लागि निजामति अस्पतालको स्थापना गर्ने भनेको छ र अब यो स्थापना भयो भने कार्यक्रममै सिमित भयो भने त हुदैन यो स्थआपना गर्न तर्फ लाग्न पर्यो र अर्को हाम्रो पहाडका निर्वाचन क्षेत्रमा र तराईका निर्बाचन क्षेत्रमा एउटा २५ शैयाको अस्पताल भन्ने यो कार्यक्रम पनि अहिले आको छ यो पनि

राम्रो कार्यक्रम हो जिल्ला अस्पताल छदै छन नभको ठाउमा २५ शैयाको अस्पताला जुन निर्बाचन क्षेत्रमा भनेको छ हाम्रा पहाडि जिल्लामा १६ वटा निर्बाचन क्षेत्र रहेका छन १६ मा ७ वटा त अस्पताल होलान नत्र बाकिको त हमीले सीलन्यास नै गर्न पायौर त्यो अगाडि बढआउन सक्यो भने त्यो राम्रो हो जस्तो लागेको छ र मुख्यमन्त्री खेलकुद कार्यक्रम स्वस्थ युवा प्रदेशको युवा भण्ने कार्यक्रम जुन रहेको छ र यो कस्तो भयो भने माथि प्रदेशमा मात्र खेलाउने र अनि होईन कि अब जिल्ला बाट त्यो बजेटको व्यवस्था र तल बाट पनि जिल्ला जिल्ला बाट खेलायर ल्याउने र सेलेक्न गर्ने खालबाट यो जानु पर्छ यो हमारो अन्य प्रदेशको ल्यायर खेलाउने भण्दा पनि तलबाट जिल्ला स्तरका खेलकुद सम्म पुगेका छन तिनिहरुबाट खेलाडि छान्ने ल्याउने गरेमा राम्रो हुन्छ जस्तो लागेको छ साथै अब यो कोरोनाको कारणले बेरोजगार भएकाहरुलाई हामीले स्वरोजगारका कार्यक्रमहरु हामीले के ल्याउने भन्ने सक्छौ र केहि नमुना फर्महरु कहा छन र जस्तो अस्ट्रिचको कुरा आयको छ कालिचको कुरा आयको छ थुप्रै राम्रो फर्म चलायका जो हाम्रा मिहेनति किसानहरु रहेका छन तिनिहरुको मेहेनतमा लगानी र उत्पादनमा लगानी कसरि जोड दिन्ने भन्ने कुरमा हामीले बजेट अगाडि बढाउन पर्छ भन्ने लागेकोन छ र हमीले अब यो उता बैतडिको समस्या हाम्रो बिगतको पुर्बाधआर मन्त्री पाटन पञ्चेश्वर मन्दिरमा २ बर्ष देखि १२-१३ जना मजदुर लागेकाछन अहिले सम्म एक पैसा पनि पाको छैन तिमि गर्दै गर हामी पैसा सँग जादा खेरि फुल माला हालेर टक्यारदा खेरि उहाहरुले त्यो समस्या भनेका छन बिगत २ बर्ष देखि पैसा पाको छैन त्यो पछिल्लो मातहतमा प्रदेश भयो उनुहरुको लागि के नीति बनाउने र कित ठेकेदारको मातहतमा हो भने के गर्ने र अहिले सम्म ति कामगरेका को पैसा दिने अरु पनि ति १२ जना जति रहेका छन त्योलआई बेरोजगार बनाउदा भन्दा तिनिहरुलाई रोजगार अहिले सम्मको पैसा दिने र कि त तिनिहरुलाई बिदाई गर्ने तर्फ जानु पर्छ भन्ने कुरा म राखु पर्छ भन्ने कुरा म राख्न चाहन्छु र नीति एउटा सानो पाछाडि परेको त्यो बर्गलाई समेट्ने खालको बनाउन पर्छ र हामीले नीति तथा कार्यक्रमलआई बनाउदा खेरि ति नीतिहरुलाई समेट्ने र ति कार्यान्वय हुने खालका हुन पर्छ भन्दै म बिदा हुन्छु हस्त धन्यबाद ।

**माननीय सुशिला बुढाथोकी**

माननीय सभामुख महोदय, आ.ब बर्ष नीति तथा कार्यक्रममा हामी छलफल गरिरहेका छौ माननीय सभामुख महोदय अब हाम्रो लगभग अन्त्य पनि हुन लागेको छ र यो नीति तथा कार्यक्रम मा अहिले धेरै मेहेनतको साथ ल्याउनु भएको छ र यो मैले सर्सर्ति हेर्दाखेरि यो केलायर हेर्दा यो अतन्य राम्रो रहेको छ र अब यो कार्यान्वनको पाटो र बजेट कसरि आउने हो बन्ने कुरा हामीले ध्यान दिन पर्छ यो नीति तथा कार्यक्रममा यो प्रदेशको जनताको हितमा बजेट आउन पर्छ भन्ने कुरा म रआख्न चाहन्छु । किनभने यो प्रदेशका जनताले के चाहेको छ भन्ने कुरा त अहिले बुदागत हिसाबमा हेर्दा राम्रो भएर आयको छ र त्यो खालको बजेट मा आयन भने अलि राम्रो हुने छैन जस्तै कोरोनाको कुरा मा अहिले बजेट जोडियर आको छ र त्यसमा कस्तो कार्यक्रम ल्याउने हो भन्ने कुरमा ध्यान दिन पर्छ जस्तो कि रोग लाग्न दिन भन्दा नलाग्न दिनको निमित्त हाम्रो प्रदेशको जनताको ज्यान जोगाउनको निमित्त हामीले खोपको व्यवस्था ग्रनु

पर्छ भन्ने कुरा म राख्न चाहन्छू र कोरोनाको कारणले गर्दा रोजगारी गुमायका युवाहरुलाई कसरि रोजगारी सँग जोड्ने हो र उनिहरुको आत्मा बल बढाउने कालको कार्यक्रम ल्याउने हो भन्ने कुरामा ध्यान दियर बजेटमा आउने छ भन्ने मलाई लागेको च र अर्को युवास्वरोजगार भन्ने कार्यक्रम मैले धेरै बर्ष देखि हामी सबैले सुनेका छौ कि युवा स्वरोजगार कार्यक्रममा बजेट यति राखेको छ भन्ने कुरा र अर्थ मन्त्री ज्युले ठाउठाउमा गयर बोल्नु भएको कुरा हरायर गको छ र् त्यो सुचारु गर्न प्रने कुरामा जोड दिन पर्छ सरकारले भन्ने कुरा म रआख्न चाहन्छु र अर्को कुरा कृषि ऋण को कुरा दिने कुरा रहेको छ जुन किसानलाई ऋण दिने कुरा रहेको थियो यस बर्ष देखि शुरु गरेको त्यो झन्झटिलो कारणले गर्दा केरि त्यो सेवा लिन सकेको छैन र आउदो बजेटमा त्यो ऋन कसरि हुन्छ किसानले सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाउन पर्ने नत्र भने जानेकोले मात्र त्यो सेवालिने र किसान जो किसान खेति गर्ने र पशुपालन गर्ने किसानले त्यो लाभ लिन नसक्ने खालको झमेला रहेको र त्यो खालको बैंकसँग सहकार्य ग्रन पर्यो को जसले किसानलाइ सरल तरिकाले सुबिधा दिन सकोस भन्ने कुरा पनि म भन्न चाहन्छु र कार्यक्रममा जुन छोरिलआई प्रोत्साहन ग्रने जो लेखेको छ त्योलाई कार्यान्वयनमा पनि आवस र त्यो बजेटमा पनि आवस भन्ने कुरा पनि म गर्न चाहन्छु र अर्को पाठेघरको र स्तन क्यान्सरको कुरा हमी जुन देखि माननीय भयौ त्यो दिन देखि उठाईरहेका छौ र त्यो कुराहरु कहि पनि मैले देखेको छैन र यो व्यवहारमा पनि उतारियोस भन्ने कुरा पनि म राख्न चाहन्छु र अर्कोकुरा के भने बजेट राम्रो आवस र कोरोनाको लागि व्यवसाय बनाको व्यापारीहरु रहेका छन उहाहरुको लागि पनि सरकारले केहि सोचोस उहाहरुको व्यापारमा गरेको छ र पनि उकास्ने कार्यक्रम आवस भन्न चाहन्छु र यो नीति तथा कार्यक्रमका सम्पुर्ण बुदाहरु स्र्रति हेर्दाखेरि राम्रो रहेको छ उहाहरुले धेरै मेहेनत गरेर ल्याउनु भएको छ यसको लागि धन्यबाद भन्न चाहान्छु र बजेटमा ल्यावस र जनताले यो सुदुरपश्चिम प्रदेशले एकदम राम्रो काम गरेको छ वावा गर्ने खालको कार्यक्रम आवस र हाम्रो पनि सबैको गरिमा बढ्ने खालको कार्यक्रम आवस भन्ने म यस नीति तथा कार्यक्रमको समर्थन गर्दै अनि यसको स्वागत गर्दै र सम्पुर्णलाई धन्यबाद दिदै बिदा हुन्छु धन्यबाद ।

**माननीय नन्द बहादुर साउँद**

सभामुख महोदय, आ.ब २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम जसरि हाम्रो प्रदेश प्रमुख र प्रदेश सभाले यो सभामा टेबल गरेको छ यसको लागि म प्रदेश सरकारलाई धन्यबाद दिन चाहन्छु र यो अब चौथो कार्यक्रम हाम्रो कार्यकाल भरिको र अब एउटा कार्यकाल रहेको छ त्यसो हुदा प्रदेश सरकारले असार १ गते ल्याउनु पर्ने हुन्छ र त्यो अन्तर्गत त्यो भन्दा अगाडि सरकारको नीति तथा कार्यक्रम प्रि बजेट र बाकि प्रदेश सरकारले ल्याउने बजेटको बारेमा हामीले छलफल गर्ने गरेका छौ यो कार्यक्रमको म समर्थन गर्न चाहन्छु किनभने यो ३०७ वटा बुदामा केन्द्रित भबयर आको छ र ७६ वुदाहरु बिगतमा भएका कामको समिक्षा र बाकि रहेका योजनाहरु यहा आयको छ त्यसैले यहा मतहत्वपुर्ण कुराहरु रहेका छन त्यसैले हामीले आम जनताको लागि र अर्थतन्त्रको निम्ति यो सरकारले जुन बजेट बनाउने आधार बनाको छ यसको लागि म धन्यबाद दिन चाहन्छु । र हाम्रो प्रदेश बिशिष्ट

किसिमको प्रदेश हो र यसलाई हमीले केमा बनाउने मलाई लागेको च यो सरकारको हो यो र आम ३० लाख जनताको भविष्य यसमा जोडेको च र यसैमा प्रदेश सरकार रहेको छ  र यो कारणले गर्दा यो कार्यक्रमको नीति राम्रो रहेको छ समिक्षा पनि महत्वपुर्ण रहेको छ भन्ने कुराहरु म यहा राख्न चाहन्छू र हाम्रो यो एक जिल्ला एक नमुना क्याम्पस र सबैको लागि शिक्षा भन्ने कुराहरु रहेको छ मलआई लाग्च अरु प्रदेशको भन्दा हाम्रो प्रदेश भौगोलिक हिसाबले बिकट भएको कुरा सबैलाई थाहा भएको छ र अर्को कुरा शिक्षा र गरिबिको रेखामा रहेका छौ त्यसैले हामीले बिकासको कुरामा होईन कि मुख्य कुरा भनेको शिक्षा हो र यलाई पहिलो प्राथमिकतामा राखु पर्छ भन्ने मेरो एउटा जनमत रहेको छ र यो हामी बिभिन्न क्याम्पसहरु रहेका छन र बिभिन्न प्राविधिक क्याम्पसहरु रहेका छन बिभीन्न बिषयहरु अहिले पढाई भै रहेको छ र हामी जनशक्ति उत्पादनतिर लाग्ने कुरा रत उत्पादन गरियो भने शिक्षलाई हामीले बिशेस गरेर जोड दिन पर्छ भण्ने कुराहरु र दोस्रो कुरा सुन्दर ठाउ सुदुरपश्चिम घुम्न जाउ भन्ने एकदम राम्रो नारा रहेको छ मान्छेहरुलाई हमीले हाम्रो संस्कार भित्र यहा जोडेको छ र अर्को कुरा यहा पर्यटनको हिसाबले पनि राम्रो रहेको छ र मानेका छौ र यो मुख्य मन्त्री यकिकृत बस्ति कार्यक्रहरु हाम्रो आवस सुधार कार्यक्रम र आफ्नो गाउ आफै बनाउ भन्ने यकिकृत कृषि तथा पशुपन्छि तालिम कार्यक्रमहरु एक गाउ एक सहकारी भण्ने कार्यक्रम हरु एक जिल्ला एक बिशिष्ट उद्योहरु भन्ने कुरा र अर्को कुरा मैले अस्ति प्रि बजेटमा पनि बिशेष्त हामीले उदयोगमा काम गर्न सकेनौ यसमा लगानी गर्न सकेनौ उत्पादनका ककुरामा हाम्रो यहा ह्रास आउछ त्यसैले मलाई लाग्छ हाम्रो प्रदेशमा राष्ट्रिय उद्योगमा लगानी गर्न सक्ने उद्यौगिहरु त्यसका लागि प्रदेश सरकारले के सहयोग गर्ने  ठाउमा निर्भर रहेका छौ कहानेर आत्मा निर्भर छौ भन्ने कुरा हाम्रो जहासम्म लागेको छ सामन्य राईस मिल बाहेक हन्यहामी सँग उद्योगहरु हामी सँग त्यशैले अहिले उद्यौगिक ग्रामका कुराहरु के हुन्छ प्रदेश सरकारले लगानी गर्नु पर्छ भन्ने दोस्रो कुरा यो समिक्षामा प्रदेशको गुरु योजना भनेर कतिपयले खानपानीहरु र सिचाईको कुरा हरु जोडेको छ मलाई लाग्छ कैलाली जिल्ला र कैलाली जिल्ला भनेको नदि कटान भएर बग्ने जिल्ला हो हाम्रो यहा बर्षेनि यो खालको सम्स्या रहेको छ र पहाडमा कहिले भुक्षय र बाढिको समस्या रहेको छ भने तराईमा सबैभन्दा वढि नदि कटान को समस्या रहेको छ । नदिको नियन्त्रणको कुराहरु आको छैन त्यसैले यहा माननीय मन्त्रीहुनुहुन्छ अब आउने बजेटमा छुटेका नदिलाई पनि कार्यक्रममा ल्याउनुपर्छ र यदि हाटखोलिको नदि भनेर सायद डोटि बोक्टान बाट बगेर आउछ सायद त्यो कर्णाली मा मिसिन्छ सायद त्यो चुरेको क्षेत्रमा सबै भन्दा बढि क्षति हुने गरेको छ । गुरु योजना बनेको छ भने बाकि नदिहरु भनिरहदा अहिले सम्म पनि त्यो ठे गान लागउने योजना बनेको छैन त्यसैले यो नदिलाई पनि बजेटमा व्यवस्था होस भन्ने कुराहरु म चाहन्छु र दोस्रो कुरा उद्योग र नीतिका कार्यक्रममा हामीले हेर्न पायौ पहाडका कार्यक्रममा अब सोलार मिनिगेटको के सुधार भयो भन्ने कुरा र कैलाली जिल्ला सुगम मा पर्छ तर यो जिल्लाको दुर्गम पालिका भनेर चिनिने मोहन्याल गाउपालिका र चुरे गाउपालिका पनि हामी सँग रहेको छ र अहिले सम्म मोहन्यटाल गाउपालिकामा ७ वटा बिद्युतिकरण भएको छैन हामीले पटक पटक बिद्युत प्राधिकरणमा गयर यहा राखौ नत भन्दा तर यहाको बिद्युत प्राधिकरणले केहि

तारहरु र पोलको व्यवस्था गरेको छ तर त्यो बन सँग पनि भको कारणले अहिले सम्म पनि काम अगाडि बढेको दैखिदैन त्यसको लागि पनि सरकारले समन्यव गरेर काम अगाडि बढाउदा राम्रो हुन्छ भन्न चाहन्छु । दोस्रो कुरा बिगत केहि बर्ष पहिला हामीले कैलाली जिल्लाको असाध्यै जनसंख्याको चापको कारणले गर्दा हामी यो यातायात व्यवस्थाको बिस्ता र सुधार गर्नको लागि बनेर माग गरेका थियौ र मलाई लाग्छ यो यातायातको कुरा पनि जोडेको छ त्यसैले कैलालीको पुरैमा एउटा यातायात रहेको छ जति पनि यो धनगढिमा भएको चापलाई हटाऊन पर्छ भनेर प्रदेश सरकारले त्यो बजेटमा व्यवस्था गरोस भन्ने म यहा राख्न चाहान्छु र अर्को कुरा संविधानमा रहेको छ र मन्त्री ज्यु यहा हुनुहुन्छ यसैले हामी यो अपराध नियन्त्रण गर्नको लागि कानुन हो यलआई कार्यान्वयन गराउने भनेको नेपाल प्रेहरि हो तर आज उ सँग कतिपय प्राविधिक कुराहरु र उसँग केहि साधन स्रोतले भरिपुर्ण छैन हामीले पहिला त्योलाई भरिपुर्ण गराउन पर्ने बेला आयको छ सरकारको दायित्व हो संघिय सरकार सँग गृहमन्त्रालयसँग हुन्छ या कानुन सँग जोडियर हुन्छ भन्ने कुरा र यो गर्ने कुराहरु ठुला कार्यहरु गर्ने क्रममा आवश्यक पर्ने सामानकोलागि त्यहा केहि गरिनु प्रछ भन्ने कुराहरु म राख्न चाहान्छु र त्यसैसँग सम्बन्धित कैलालीको ठुलिगाड भन्नेठाउमा एउटा प्रहरि बिट रहेको च त्यहा काठकोछाना मुनि बस्न पर्ने अवस्था रहेको छ र दोस्रो कुरा सुचनाको हिसाबले पनि त्यहा नत टावर आउछ जब घाम लाग्छ घाम लाग्यो भने मात्र टावर आउछ भने बाकि पुरानै प्रदेशको हिसाबले काम गर्न पर्ने अवस्था रहेको छ कुनै तिर अपरिहार्य घट्यो भने हमीलाई त्यहा सुचना गर्ने अवस्था पनि छैन र त्यो साधन स्रोत पनि हमी सँग छैन हामीभवनको निर्माण लागि पनि हामी सुविधआ होस र यसमा मानणीय मन्त्रीको ध्यानाकर्षण गराउन चाहान्छु । जिल्लाको ईलाका प्रहरि कार्यालयमा गाडिको माग गरेको थिय र प्रत्येक जिल्लामा नेपाल सरकारले त्यो हाम्रो ईलाका प्रहरि कार्यालयमा मालाखेतिमा पुग्यो तर त्हा पुगेको छैंन यो चोटि फेरि आउने कार्यक्रममा फेरि असार मसान्त भन्दा अगाडि हामी खरिद गर्छौ र त्यो गाडि ईलाका प्रहरि कार्यालय बौनियालाइ त्यो गाडि हस्तान्तरण गरियोस भनेर माननीय मनत्री सँग माग गर्न चाहन्छु र म लामो समयनलियर यो कार्यक्रम राम्रो रहेको छ यलाई कार्यान्वयन गर्नको लागि पनि एउटा पाटोमा अगाडि बढ्नु पर्छ अगि एक जना माननीयले भन्नु भको थियो बिगत को बर्षमा हामी जति पनि गरेको काममा समिक्षा त भएको छ तर त्यलाई अनुगमन गरेर हामी अझै अगाडि बढ्ने कुरामा सरकारले ध्यान जानु पर्छ भन्ने कुरा राख्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय उमा कुमारी वादी**

माननीय सभामुख महोदय, नीति तथा कार्यक्रम बडा सुझबुझका साथ मेहनत साथ आको छ धन्यबाद त म त्यति खेर दिउला जतिखेरा यसको कार्यान्वन जति बेला होला त्यहि पनि मनले मान्दैन धन्यवाद दिन्छु राम्रो आको छ जसरी राम्रोयो नीति तथा कार्यक्रममा यो किताबमा आयको छ त्यसतै गरेर रातो कितावमा पनि आवस र फैरि पनि भन्छु छिटो छरितो कार्यान्वन आवस र यो शुरुमा म वादिको छोरि हु र मेरो जनहि पनि वादि हो मैले बोल्नै प्रछ बादिको छोरिको नाताले अहिले यो कोरोनाको रोगले भन्दा वादि समुदाय भोकले मर्दै छ यहानेर प्रदेश सँभाको १०-२० मिटर अगाडि कृष्णपुर गाउपालिका

हो कि क्या हो जस्तो लागेको छ गाउपालिकाको वादिहरु भोकले मरिरहेका छन तिनलाई अब रोगको डर छैन जस्तो लागेको छ त्यहाका बच्चाहरु एउटा औषधि नपाएर घर भित्र मरिहेको अवस्था छ र त्यसै गरेर टिकापुर नगरपालिका वडा नम्बर ८ का वादि समुदाय धेरै जस्ता त्यहा एकल महिला छन धेरै जस्ता त्यहा एच आईभि रहेका छन धेरै जस्ता त्यहा यौन शोषणमा रहेका बृद महिला रहेका छन त्यहा पनि त्यहि हाल रहेको छ जो हाल कृष्णपुरका महिलामा रहेको छ यो बाहेक अन्य ठाउमा पनि वादि समुदायको अवस्था एकदमै नाजुक र दयनीय अवस्था रहेको छ सरकारको माननीय यहा हुनुहुन्छँ र महिला पनि हुनुहुन्छ यो कारण महिलाको नजरले उहाले हेरेर छिटो भन्दा छिटो व्यवस्था होस कोरोनाको त सरकारले गरिनै हाल्ला हामीलाई त यो सरकारको बोश्वास छ यो भन्न मिल्छ मिल्दैन सभामुख महोदय मिल्छ भने मायाले सम्झनु होला नत्र भने मेरो बचन फिर्ता लगौला अहिले नया नेतृत्व को सरकार त्रिलोचन भट्ट ज्युको नेतृत्वमा बनेको सरकार छिमेकि जिल्ला बाट मोदि जितेर आय त्यसतै जितेर आको सरकार छ त्यसकारणले म फेरि पनि शुभकामना दिन चाहन्छु यो चेहरु मैले फेरि पनि हेर्न पाउ मैले अस्ति पनि भनेको थिय म आज पनि भन्छु मेरो शुभकामना छ अब यो नीति तथा आयोजना जसरि आयो हामी समानुपातिक माननीयहरुलाई प्रत्यक्ष जितेर आको माननीयहरुलाई सौतने व्यवहार चाहि नगरियोस सभामुख महोदय मेरो आग्रह रहेको छ बिगतको दिनबाट हामी सौता त केर भनौ वडाध्यक्ष बराबरको हैसियत हाम्रो छैन त्यो भको कारणले अहिले त हाम्रो अलिकति सम्मान जनक योजनाहोस हामी त बिश्वासमा रहेका छौ यो सरकार प्रति र मैले कता कता सुने मसँग अहिले टिभि छैन रेडियो म सँग छैन पत्रपत्रिका मेरो कोठामा बल्ल आज मैले कति २१ गते पछि पाको हु र मेरो कोठामा पत्रिका पाको छैन मैले कता कता सुन्दै आयको छु कि राउटेका २ वटा छोरि माथि जुन घटना घटिरहेकोछ त्यो घटनाको एकदमै घोर भर्सना म गर्न चाहन्छु र यो सरकारले गर्न सक्छ दोषिहरुलआई ठुलो कारबाहि होस ताकि त्यो खालको घटना यो देशमा नै नहोस यो अब मैले अगि नै भनि सके मैले धेरै बिश्वास गरेकोछु यसउपालि उमा वादिलाई पर्छ भनेर मैले गरेका छौ । टिभिमा त प्रकाश त्यो बोल्नमा तलमाथि भयो भने माफ गर्नु होला टिभिमाको प्रकाश बिनियोजन हुने बजेट र यो हामीले ल्याउने रातो किताव लाल भन्छौ त्यो कितावमा आउने बजेट एकदम शुन्दरतामा आवस किनभने हामीले प्रदेशको सरकारलाई आग्रह गर्दै छौ । जसरी कौरव र पाच पाण्डबको लडाई भको बेलामा अर्जुनले बिजयप्राप्त गरेका थिय हष्णपुरको जनताको लागि त्यसतै गरेर यो प्रदेशको सरकारले कोरोना मुक्त यहाको जनतालाई गरोस यहाको राम भगवान धामी झांक्रि यहाको जनताहरु आमनचयन सँग वाच्न पाउन हामीलाई यो विश्वास रहेको छ कि यो सरकारले पक्कै गर्ने छ भनेर सँगै टिकापुरको एयरपोर्ट अब त चल्छ जे जस्तो भए पनि उमा वादि पनि एक आद चोटि बसिहाल्ला गरेर आश त गरेको थिय तर त्यो कहा गयो कहा गयो थाहा नै भएन त्यो जग्गा त्यतिकै बाजो रहेको छ प्रदेश सरकारले त्योलाई चलायमान गरोस अर्को कुरा यो बिभिन्न बाटाघाटा मलाई माननीय ज्यु प्रति एकदमै माया छ त्यो भन्दा डबल माया मैले पाएको छु नीति तथा कार्यक्रम आयो भन्छु मैले पनि भन्छु तर सुझाबको रुपमा दिएको कुरा सरकारले सुन्दैन सभामुख महोदय ।यसपालिको सरकारको कान पनि

तिखो रहेको छ आखा पनि एकदम मृग स्तरको रहेको छ त्यो भएको कारणले सकिन्छ भने फेरि पनि हामीलाई बिश्वा रहेको छ यो मैले पनि कता कता सुनेको कुरा हो ममलाई पनि ठ्याक्कै त थाहा छैन हाम्रो प्रदेश सरकारको स्थित कता कता तरकारीमा नुन नभको जस्तो मैले भान गरेकि छु त्यसकारणले प्रदेश सरकारको सचिवालय राम्रो होस तब न सरकार राम्रो हुन्छ सरकार एकदम सक्षम हुने कम छ र त्यसका लागि पनि बुद्दि सरकारले पुर्यावस र अर्को कुरा यो दलित महिला बादि राजि राउटे भनेर यो डल्लो मटल्लो पारेको छ यो भन्दा अगाडिको सरकारले त्यो डल्लो कता गयो हामीले देख्न पनि पानम सुन्न पनि पानम कता गयो थाहा नै भएन त्यसतै गरेर नीति तथा कार्यक्रममा बाजि राजि राउटे भनेर आको छ वादिको पिडा अलिकति फरक रहेको च यो अरु भन्दा फरक रहेको कुरा हजुरहरुको ढोकामा मागेर खाएको नाचेर खाएको हो त्यो जस्तो अरु छैनन त्यो भन्दा पछाडिको कुरा म भन्दिन सभामुख महोदय शुरुवात गरेको छ त्यसको लागि म धेरै धेरै धन्यबाद दिन्छु र त्यसको लागि फेरि पनि वादिको नजरले हेरियोस यो पिडा हो भनेर महशुस यो सरकारले गरोस र नेपाली कांग्रेसले बिश्वास गर्यो उमा वादिको घरमा एक गास खाने छ डेरा नपाए पनि तर सबै बादिको छैन तपाई दार्चुलाका वादिहरुलाई हेर्नु भयो भने त्यहाका माननीय हरुलाई गयर हेर।नुस त्यहा कस्तो अवस्था रहेको छ अछामका त्यहि अवस्था रहेको छ भनेर बैतडिका वादिलाई त कति अपमानजनक सब्दले त्यहा नागरिकता दियको रहेछ भने भाण भाण भनेको त एकदमै त्यो भन्दा तल्लो गालि नै छैन त्यसैले होला २०६४ सालमा ४८ दिनको लामो आन्दोलन पछि बिभिन्न नागरिकले दियको नागरिकताको अन्त गरियोस भनेर हामीले सम्झौता गरेका छौ तर आज पनिकता कता सुनिदै रहेको छ भाणका नाममा नागरिकता दिने लागेको छ भनेर नागरिकता दिने किनभने यो कुराको पनि अन्त हुन पर्छ र किनभने महिला महिलालाई नै थाहा हुन्छ अचानाको चोट अचानालाई थाहा हुन्छ म गृह मन्त्रि यहि हुनुहुन्छ बादि समुदायको त्यो भएको कारणले बिश्वास लागेको हो । धेरै धेरै धन्यबाद त्यसतै गरेर डडेल्धुराका बादिहरु आज पनि घुमन्ते जिबन निर्बाह गरिरहेका छन त्यहाका बादिको पनि व्यवस्था गरियोस र अछामका वादिहरु कैलालीको वलचौरमा रुखको मुनि बसेका छन उनिहरुको घरमा सिटामोल पनि नपाउने अवस्था रहेको छ एकदमै नाजुक रहेको छ वादिको आखाले प्रदेश सरकारले हेरोस सभामुख महोदय जसरि आज उमा वादिलाई दिनुहुन्छ जसरि प्रदेश सरकारलाई मेरो आग्रह रहेको छ वादि समुदायलाई पनि केहि न केहि छुट्यावस भनेर बिभिन्न समयमा बादि समुदाय हजुर सँग पनि भेटेर ज्ञापन पत्र बुझायका छन अस्ति भर्खरै २२ गते तिर यो प्रदेशका मुख्य मन्त्री ज्यु त्रिलोचन भट्ट ज्युको कार्यलयमा हामी गयर नौ जिल्लाका करिब र५० जना वादिहरु थियो हामीले त्यहा गयर त्यो ज्ञापन पत्र को पनि सुनुवाई होस र २०६५ साल पौस २३ गते मन्त्री परिषदको निर्णय त्यतिखेर शान्ति मन्त्री जनार्दन शर्मा प्रभाकर हुनुहुन्थ्यो उहाले घोषणा गर्नु भको हो वादि समुदायमा रहेको बाध्यत्मक यौन शोशणलाई आयआर्जन सहित पुनरस्थापना गरिने छ देउकिको भयो म खुशि छु कमैयाको पुनस्थापना भयो म खुसि छु त्यसै गरेर राजिको वादिको राउटेको पुनर्स्थापना होस आग्रह गर्छु मैले त्यसतै गरेर यो कोभिड बाट पनि जनता बाचुन र नेताज्यु हरुको क्षेत्र

जिल्लामा पनि बजेट जावस हामी समानुपातिकलाई पनि बिभेद नगरियोस र बराबर को बिनियोजन कार्यक्रम योजना पाउ धेरै धन्यबाद जय नेपाल ।

**माननीय अम्बी कुमारी थापा**

माननीय सभामुख महोदय, माननीय प्रदेश गंगा प्रसाद यादवद्वारा प्रस्तुत नीति तथा कार्यक्रम २०७८/०७९ माथि हामी छलफल गर्न गै रहेका छौ र सर्वप्रथम म एउटा कुरा प्रदेश सरकारलाई जानकारी गराउन चाहन्छु पञ्चोदय गाउपालिकाको वडा न. १ को लाम्पाटा भन्ने ठाउमा मध्यपहाडि लोकमार्ग बाट बयको पहिरोलो जोखिममा परेका छन र त्यहाको मकै कोदो र धान बालि नष्ट भएको छ र त्यो बस्ति स्थान्तरण गर्न पर्ने भएकोलेर त्यहा बस्ति बस्ने अवस्था नभको कारणले प्रदेश सरकारको समयमै ध्यानाकर्षण होस भन्ने कुरा म जानकारि गराउन  चाहन्छू । सभामुख महोदय स्वास्थ्य संस्थालाई आवश्यक जनशक्ति सहितको उत्पादानमा ध्यान दिन जरुरि रहेको छ अहिले सरकार रोग सँग लडिरहेको छ मा पहाडि जिल्लामा कतै भोकमरिको हाहाकार भएको छ अहिलेजनता भोक भोकै मरिरहेका छन र यो कसरि समाधान गर्न सकिन्छ राहतका प्याकेज प्रदेश सरकारले व्यवस्था गरोस भन्ने कुरा म राख्न चहान्छु ।

सभामुख महोदय, हामी अहिले चौथो बजेटमा कार्यक्रम माथि छलफल गरिरहेका छौ र मलाई भन्न मन लाग्यो यो नीति तर कार्यक्रममा छलफल गर्दा बिगतमा पनि यस्ता नीति तथा कार्यक्रम नआयका होईनन् र त्यो हामीले कति सम्म कार्यान्वयन ग्रन सक्यौ त्यसको समिक्षा हुन जरुरि रहेको छ हामी जति पनि काम गरिरहेका छन समिक्षा गर्दै गरेनौ भने हामीले गरेका उपलब्धीहरुको जानकारी कसरि गर्न सक्छौ अरु मार्फत हामी अरुलाई सुनाउन पाउछौ भन्ने मलाइ जिज्ञासा लागेको छ । हामीले प्रदेशका बजेटका बारेमा होस या प्रदेशका योजनाका बारेमा समिक्षा गर्न जरुरि रहेको छ अब एउटा बजेट आउन बाकि रहेको छ अब देख्न नपाउने भए पनि बजेट चाहि बनाउन पर्छ भन्ने कुराहरु म भन्न चाहान्छु र हामीले अहिले बजारमा महंगि  भैर हदा कोरोनाले मारमा परेको बेला कोरोना सँग एउटा लडिरहेको अवस्थामा पहिला बजारमा एक पोका तेलको ९५ रुपिया पर्थ्यो भने अहिले १६० रुपियामा किन्न परेको छ र जनतालाई कहिले हामीले सुपथ मुल्यमा गर्ने हो पहिले पनि हामीले सुपथ मुल्यका पसलहरु निर्माण गर्ने कुराहरु र त्यो कहिले हामी कार्यान्वयनमा लान सक्छौ किताब बनाउनको लागि मात्र पाना भर्न मात्र ति कार्यक्रमहरु गरौ र योलाई कार्यान्वयन गर्नको लागि जरुरि रहेको छ बन्ने कुराहरु मैले महशुस गरिरहेको छु । पछाडि परेका र पछाडि पारेका स्थान र बर्गलाई हामीले बिगतका दिनमा पनि बजेट तथा कार्यक्रममा नआको होईन बिगतका कार्यक्रममा आउदै गर्दा बजेटको हामीले ध्यान दियौ भन्ने कुराहरु बुझ्न जरुरि रहेको छ र मलाई भण्न मन लाग्यो यो भन्दै गर्दा मलाई दलित बर्ग समुदाय भनिरहदा हामी सिस्टमबाट आयका माननीयहरुलाई पनि यो सदनमा हेर्ने दृष्टिकोण पनि दोस्रो दर्जाको जस्तो मैले अनुभव गरेको छु किनभने थुप्रै कुराहरु प्रत्यक्ष माननीयहरुलाई ३ करोडको मालिक बनाइ रहदा यो समानुपातिक माननीय पनि त्यसको सदस्य रहने कार्यविधि छ तर कार्यबिधिले सद्स य रहेपनि नरहे पनि त्यो हाम्रो दायित्व धेरै देखिदैन त्यसैले अबका दिनमा यस्तो अन्याय तरिकाले

बजेट बिनियोजन नहोस भन्ने र समानुपातिक माननीयहरु पनि मन्त्री हुनु भएको छ बिगतमा पनि थिय र अहिले पनि हुनुहुन्छ त्यसैले अब तपाईहरु त्यहा भएको बेला यो कुरालाई उठायर हुन पर्छ भने राम्रो ढंगले र समान ढंगले लैजान पर्छ हुदैन भने संघले खारेज गरेको छ हामी पनि के गर्ने हो भनेर तपाईहरु निर्णय गर्न जरुरि रहेको छ तपाईहरु लाइ बिभेरद नहोस भन्ने कुरा मैले राख्न चाहे अर्कोकुरा जडिबुटिको प्रशोधन तथा संकलन केन्द्र हामीले स्थापना गर्ने कुरा गर्ने कुराहरु बिगतको दिनमा पनि गरेका थियौ र त्यो अहिले सम्म सञ्चालनमा आउन सकेनन् र हामीले हाम्रो सुदुरपश्चिमको पहाडि जडिबुटिका खानि रहेका जिल्लाहरु रहेका छन र ति जडिबुटिका किन प्रशोधन गर्न सकेनौ भन्ने कुराको पनि खडा भएको छ किनभने नीति तथा कार्यक्रममा थुप्रै कुराहरु लेखेको  छ र थुप्रै कुराहरु लेखिरहदा हामीले कति  कार्यान्वनमा लग्न सक्यौ भन्ने कुरा हुन्छ अब बिगतका दिनमा नीति तथा कार्यक्रममा राखेका कुरालाई हमीले नीति तथा प्रदेश सरकारको राजधानी घोषणा गर्दै गर्दा हामीले नेपाली कांग्रेसका माननीयहरहरुले त हामीले चुरेको फेदिमा राखिनु हुदैण भनेर बोलेका थियौ तरे प्रदेश सरकारको २/३ को सरकारले गरेको थियो र स्वागत गर्नै पर्छ हामीले मान्नै पर्छ र बहुमतको कदर गर्नै पर्छ तर प्रदेश सरकारका अहिलेसम्म तिन तिन बर्षको बजेट गयर चार बर्ष शुरु हुदा ईट्टा पनि लगाउने काम र घेरवार लगाउने काम पनि किन हुन सकेको छैन र अब त्यो प्रदेश सरकार हुने कि नहुने र प्रदेश सरकार हुने कि नहुने भन्ने कुरामा सबैको प्रश्न आईरहेको बेलामा यो सरकारले  सोच्न जरुरि रहेको छ अरु कुराहरु कोरोनाको बारेमा अब हामीले स्वास्थ्य सम्बन्धी धेरै कुराहरु लेखेका छौ तर कोरोनाको बारेमा लेखिरहदा कोरोना रोग सँग लड्ने जन चेतना मुलक कार्यक्रम गर्न जरुरि रहेको छ किन भन्दै छु भन्दा हामी ले बिगतमा कोरोना महामारी रोगले भन्दा कोरोना को रोग लाग्यो भने मरिहाल्छ भन्दा मान्छे धेरै मरेका छन म आफ्नै उदाहरण के गर्न चाहन्छु भने मलाई कोरोना पोजेटिभ भको थियो र यो हुदै गर्दा मेरो छिमेकि पहिला काम ग्रनु हुन्थ्यो उहा बित्नु भयो र मलाई तिन दिन भको थियो र त्यो राति मलाइ श्वासप्रस्वासमा धेरै गाह्रो भयो त्यसैले गर्दा म त त्यति आत्तिन्छु भने अरु जनतायो रोगले त्रायनम भएर मरेको देखिन्छ त्यसैले हाम्रो प्रदेश सभा भनेको हाम्रो जननी हो हामी शुरुमा छिर्दा खेरिउ हाम्रो प्रदेश सभा भकोकारणले हामी प्रदेश सभाका माननीय भएका हौ हामीले यो नीति कार्यक्रममा कुनै ठउमा पन यसको सम्बोधन गरेको छैन र यसको बजेटमा व्यवस्थापन गर्न पर्छ प्रदेश सभालाई कसरि सञ्चालन गर्ने र यहा सञ्चालनमा रहेका बिभिन्न समितिहरु रहेका छन ४ वटा समिति रहेका छन त्यो समितिलाई कसरि व्यवस्थापन गर्ने र हाम्रा दलका कार्यालय रहेका छन त्यो पनि यो सरकारले सोच्न जरुरि रहेको छ सरकारले सोच्नु पर्ने भएको छ रयो सोचेन भने हामीले कहावा व्यवस्था गर्न सक्छौ र प्रदेश सचिवालयलाई बिशेस गरि ध्यान दिन जरुरि छ भन्ने कुरा म भन्न चाहन्छु र । नीति तथा कार्यक्रम महिला सम्बन्धि पनि छाउपडि सम्बन्धि पनि हिजोका दिनमा कार्यक्रमहरु नआयको होईन तर सुदुरपश्चिमको अछाम जिल्लालाई यसरी हेर्ने गरियको छ कि छाउपडी जिल्ला भनेर चिन्ने गरेको छ त्यसलै गर्दा त्यो जिल्ला मा केहि बजेटको व्यवस्था छैन भने हुन सक्दैन र त्यसको लागि पछाडि परेका समुदायको लागि किन बजेट कार्यक्रम सञ्चालन गर्ने गरिन्छ र कार्यक्रम गर्दै गर्दा यो अगाडि सरेका

छन र जो टाउके बनेका छन यो महिलाहरुलाई मात्र अग्रसर गरेको देखिन्छ र हाम्रो यहाको मात्र बिडम्बनाहोईन संस्थाले काम गर्दा पनि सञ्चालन गर्दा पनि अलिकति गर्न सक्नेलाई मात्र गरेको हुन्छ जुन हाम्रा बिकटका ठाउका महिलाको लागि पनि सोच्न जरुरि रहेको छ अर्को कुरा पाठेघर को क्यान्सर र स्तन क्यान्सरको कुराहरु  यो नीति तथा कार्यक्रममा आयको छ यो नीती तथा कार्यक्रममा मात्र सिमित नगरेर यसमा बजेटको व्यवस्था गरनु हुने छ भन्ने मैले आशा गरेको छु । र अहिले हाम्रो आन्तरिक योजना तथा मामिला मन्त्री एउटा महिला दिदि जानु भएको छ एउटा उहाले सदनमा आज नउठाउनु भएको भए हुन्थ्यो महिलाका बिषयमा पछाडि परेका बर्गका बिषयमा उहा आफै अहिले त्यो निर्णय गर्ने ठाउमा जानु भएको छ त्यसैले महिलाका लागि अहिले न्याय हुनेछ र मैले सोचेको छु र यो अनुसार गर्नु  होला भन्दै यो नीति तथा कार्यक्रमको पुर्ण सफलताको शुभकामना दिदै म बिदा हुन्छु ह्रस्त धन्यबाद ।

**माननीय सदस्यहरु,**

प्रदेश सरकारको आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रम माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ । बाँकी छलफल मिति २०७८ साल जेष्ठ ३० गते आइतबार दिनको ३:०० बजे देखी हुने भएकाले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।